# सप्तरी जिल्ला अदालत, राजविराज

[प्रशासन शाखा]

श्रेस्तेदार ०३१–५२१५९९/५२०२३०
फ्याक्स नं. : ०३१–५२१५९९
e–mail: info.dcsaptari@supremecourt.gov.np

सप्तरी जिल्ला अदालत
राजविराज

मितिः २०७७।१।३

# सूचना ।

उपरोक्त सम्वन्धमा वर्तमान Corona Virus (Covid-19) महामारीको स्थितीमा वन्दावन्दी (लकडाउन) को अवधिभर यस अदालतवाट प्रदान गरिने सेवामा निम्न बमोजिम कार्यप्रणाली अपनाई कार्य सम्पादन गर्नु गराउनु भनी श्री सर्वोच्च अदालतवाट जारी भएको हुँदा सम्वन्धीत कर्मचारीहरु कार्यालय तथा सेवाग्राहीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अनुसार गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

१. जरुरी पक्राउपूर्जीको समर्थन र म्याद थपको कार्य अदालत खुलेको पहिलो समय (विहान ११ बजे सम्म) वा वेलुका ३ बजे देखि ५ बजे सम्म ।
२. जरुरी पक्राउपूर्जीको समर्थन गराउन वा म्याद थप गर्न वा अभियोग पत्र पेश गर्न अदालतमा ल्याउदा भिडभाड नगराइ आवश्यक दुरी कायम राखी ल्याउने लाने व्यवस्था गर्नु होला
३. रुघा, मर्की, ज्वरो वा कुनै संक्रमण भएका वा सोको शंका भएका व्यक्ति अदालतमा प्रवेश नगरिदिनु होला ।
४. अदालतमा प्रवेश गर्दा प्रतिवादी, सूरक्षाकर्मी, कानून व्यवसायी यस अदालतका कर्मचारी समेतले अनिवार्यरुपमा पन्जा र माक्सको प्रयोग गर्नु होला ।
५. मुद्दाको सुनुवाइ हुँदा इजलासमा एकपटकमा सम्वन्धित अभियुक्त निजको १ जना कानून व्यवसायी र १ जना सरकारी वकिल मात्र प्रवेश गर्नु होला।
६. कुनै पनि मुद्दामा एउटा पक्षको तर्फवाट वढीमा २ जना सम्म मात्र कानून व्यवसायी उपस्थित भई पालो पालो गरी इजलासमा प्रवेश गरी वहस गर्नु हुन।
७. वहसमा २० मिनट भन्दा वढी समय नलिनु हुन। २० मिनट भन्दा वढी समय लाग्ने भएमा लिखित वहसनोट पेश गर्नु हुन ।

०७७।१।३